# जहदागाउँपालिकाको शिक्षा ऐन, २०७५

प्रमाणीकरणमिति: २०७५/२/२६

**प्रस्तावनाः**

गाउँपालिकाविकासको लागि सबै बालबालिका र युवाकालागि उच्चगुणस्तरकोजीवनपर्यन्तसिकाईद्वारा यस क्षेत्रमाआवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्तजनशक्तिउत्पादनगर्न तथासर्वसाधारण जनतालाई सुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाअनुकूलसर्वसांधारण जनताको सदाचार, शिष्टाचार र नैतिकताकायम राख्न यस गाउँपालिकामा स्थापनाहुने तथा यस अघि नै स्थापनाभई सञ्चालनभैरहेकाविद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्तविद्यालयशिक्षाकोद विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची-८तथा स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) खण्ड (ज) ले दिएको अधिकारको प्रयोग गरी जहदागाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्तनाम, विस्तार र प्रारम्भः**(१) यस ऐनको नाम“जहदागाउँपालिकाकोशिक्षा ऐन, २०७५” रहेको छ।

(२) यो ऐनजहदागाउँपालिका भर लागू हुनेछ।

(३) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

**२. परिभाषाः**विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) “आधारभूतशिक्षा”भन्नाले प्रारम्भिकबालशिक्षा देखिकक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ख) “माध्यमिकशिक्षा”भन्नाले कक्षानौदेखि कक्षाबाह्रसम्मदिइने शिक्षा सम्झनुपर्छ।

(ग) “गाउँपालिका”भन्नाले जहदागाउँपालिका सम्झनुपर्छ।

(घ)“गाउँ सभा”भन्नाले जहदागाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(ङ) “गाउँकार्यपालिका”भन्नाले जहदागाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

३. **<u>नियमबनाउने अधिकार</u>** : (१) नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४बमोजिमगाउँपालिकालाई तोकिएकोशिक्षा सम्वन्धीअधिकार क्षेत्रभित्रकाविषयमातोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधिनियमितगर्नको निमित्तजहदागाउँकार्यपालिकाले आवश्यकनियमबनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिमनियमबनाउँदा संघीय तथाप्रदेश कानूनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमामात्रबनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगतवनेको नियमावलीको अधिनमा रहीजहदागाउँकार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।